# 'एक्काइसौँ शताब्दी सिप' संयोजनका दृष्टिले कक्षा १-३ को नेपाली भाषा पाठ्यक्रम

दिनेश घिमिरे, पिएचडी[1]

[1] उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि

**Email**
dinesghimire1@gmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June
Doi:
https://doi.org/10.3126/bns.v29i1.95329

ORCID : https://orcid.org/0009-0004-6484-7195

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

Journal
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
ISSN: 2616-0188 (Print)
3021-954X (Online)
website: https://www.nepjol.info/index.php/bns
Published By
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेख कक्षा १-३ को एकीकृत पाठ्यक्रम (२०७६) मा समाविष्ट एक्काइसौँ शताब्दी सिप अर्थात् व्यावहारकुशल सिपहरूका आधारमा उक्त तहको नेपाली भाषा पाठ्यक्रममा समावेश भएका सक्षमता तथा सिकाइ उपलब्धिको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा गुणात्मक प्रलेख विश्लेषण विधि, उद्देश्यपूर्ण नमुना छनोट अनि विश्लेषण तालिकाबाट सामग्री सङ्कलन गरी विभिन्न थिमहरू निर्माण तथा विश्लेषणपश्चात् निष्कर्षमा पुगिएको छ । यस पाठ्यक्रम एक्काइसौँ शताब्दी सिपहरूलाई व्यवहारकुशल सिपका रूपमा समावेश गरिएको छ । पाठ्यक्रममा नवप्रवर्तनात्मक, विश्व तथा स्थानीय संयोजन जस्ता महत्त्वपूर्ण एक्काइसौँ शताब्दी सिपहरू समावेश हुन सकेका छैनन् । व्यवहारकुशल सिप संयोजनका दृष्टिले पाठ्यक्रमका तहगत सक्षमता र सिकाइ उपलब्धिहरू पर्याप्त र सन्तुलित देखिँदैनन् । सक्षमताहरू सोचाइ सिप र अन्तरवैयक्तिक सिपसँग मात्र सम्बन्धित रहेका अनि वैयक्तिक सिप, सूचना प्रविधि तथा बहुसाक्षरता सिप र नागरिक सिप विकासका सक्षमताहरूको अभाव रहेको हुँदा व्यवहारकुशल सिप सन्तुलनका दृष्टिले पाठ्यक्रम सन्तुलित र सबल बन्न सकेको छैन । त्यस्तै पाठ्यक्रम निर्दिष्ट व्यवहारकुशल सिपसँग समग्र सिकाइ सक्षमता र उपलब्धिका बिचमा न्यून तालमेल रहेको निष्कर्ष प्राप्त भएको छ । पाठ्यक्रमका व्यवहारकुशल सिप र नेपाली भाषा पाठ्यक्रमका सिकाइ उपलब्धिबिच पनि कम मात्रामा तालमेल देखिन्छ । नेपाली भाषा सिकाइमा केन्द्रित गरी व्यवहारकुशल सिप निर्धारण र तिनको आधारमा सक्षमता तथा सिकाइ उपलब्धि तय गर्न सकेमा मात्र एक्काइसौँ शताब्दी सिप सन्तुलनका दृष्टिले नेपाली भाषा पाठ्यक्रम सबल बन्न सक्ने देखिएको छ ।

***शब्दकुन्जी:*** एक्काइसौँ शताब्दी सिप, नेपाली पाठ्यक्रम, व्यवहारकुशल सिप, सक्षमता, सिकाइ उपलब्धि

## अध्ययनको पृष्ठभूमि

विज्ञान र प्रविधिको तीव्रतर विकासका कारण एक्काइसौँ शताब्दीमा पूर्वस्थापित मूल्य मान्यताहरूमा व्यापक परिवर्तन आएको देखिन्छ । यस सन्दर्भमा भाषा शिक्षणका मूल्य मान्यताका साथै पाठ्यक्रम निर्माणका सैद्धान्तिक तथा दार्शनिक आधारहरूमा पनि परिवर्तन आएको पाइन्छ । वर्तमान भाषा पाठ्यक्रममा पनि यस्ता मान्यताहरूले स्थान ग्रहण गर्न थालेका छन् । वर्तमान आधारभूत तह कक्षा १-३ को पाठ्यक्रममा एक्काइसौँ शताब्दी सिपहरू

समावेश गरिएको छ (पाविके, २०७६) । यस पाठ्यक्रममा उक्त सिपहरूलाई व्यवहारकुशल सिपका रूपमा चिनाइएको छ । यस पाठ्यक्रममा विद्यार्थीमा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिपका साथसाथै एक्काइसौँ शताब्दीमा आवश्यक पर्ने नवीन समालोचनात्मक सोचाइ सिप, सहकार्यात्मक सिप, सञ्चार सिप, सिर्जनात्मक र नवप्रवर्तनात्मक सिप, स्वनिर्देशन सिप, विश्व संयोजन सिप, स्थानीय संयोजन सिप, प्रविधिलाई सिकाइको साधनका रूपमा उपयोग गर्ने सिपहरू समावेश गर्ने प्रयास भएको छ । एक्काइसौँ शताब्दीका विश्वव्यापी सिपहरूका तुलनामा उक्त सिपहरू के कस्तो अवस्थामा रहेका छन् अनि उक्त सिपअनुरूप पाठ्यक्रमका सक्षमता, सिकाइ उपलब्धि, शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कन प्रणाली उपयुक्त रूपमा विकास भएका छन्, छैनन् भन्ने यस लेखको खोजको मुख्य विषय रहेको छ ।

एक्काइसौँ शताब्दीमा विकसित मान्यताहरू नेपाली भाषा पाठ्यक्रम निर्माणमा चुनौतीका रूपमा रहेका देखिन्छन् । कक्षा १-३ मा उपयोग भए पनि हालसम्म कक्षा ४-१२ का पाठ्यक्रमहरूमा एक्काइसौँ शताब्दीका सिपहरूको उपयोग हुन सकेको देखिँदैन । यस्ता सिपहरू पाठ्यक्रम निर्माणको मुख्य आधार बन्नु अहिलेको शिक्षा तथा पाठ्यक्रमको आवश्यकता बनेको देखिन्छ । यस्ता सिपहरूले बालबालिकामा सूचना तथा ज्ञानको विस्तारका चुनौती र अवसरको सामना गर्ने दह्रो जग निर्माण गर्न सघाउने हुँदा भाषा पाठ्यक्रमका लागि यिनको अपरिहार्य आवश्यकता महसुस हुन्छ । यस्ता सिपहरूले सिकाइमा विद्यार्थीलाई सक्रिय सहभागी बनाउने, सहकार्यात्मक सिप तथा एकीकृत सिप विकास गर्न सहयोग गर्ने भएकाले पनि यस विषयलाई अध्ययनीय ठानिएको हो । पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइमा संलग्न रहेको हुँदा पनि भाषा पाठ्यक्रमको यस किसिमको अध्ययन गर्न तर्फ रुचि जागेको हो ।

पाठ्यक्रमले शिक्षण सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो सिकाइ उपलब्धि हासिल गराउने लक्ष्यसहितको दस्ताबेज भएकाले यसले शिक्षा प्रणालीको कार्यान्वयनमा रणनैतिक भूमिका रहन्छ (रुस्मन, सन् २०२३) । पाठ्यक्रमले नवीन मूल्य मान्यताहरू अँगालेको अवस्थामा मात्र शिक्षण विधि तथा पद्धतिमा नवीनता आउन सक्छ । नेपालका सन्दर्भमा कक्षा १–३ को पाठ्यक्रममा एक्काइसौँ शताब्दी सिपहरू समावेश भएका छन् । यस सम्बन्धमा घिमिरे (सन् २०२२) ले कक्षा १–३ को नेपाली भाषा पाठ्यक्रम विषय क्षेत्र (थिम)गत र भाषिक सिपगत आधारमा एकीकृत ढाँचामा निर्माण भएको उल्लेख गरेका छन् । यो विद्यार्थीको सिकाइ सक्षमतामा आधारित छ । तथापि, भाषिक सिप र सक्षमताका दृष्टिले अझ पूर्ण रूपमा एकीकृत हुन सकेको देखिँदैन । यस सन्दर्भमा प्रस्तुत लेखमा उक्त पाठ्यक्रमको गहन अध्ययनमनन गरी एक्काइसौँ शताब्दी सिपसम्बद्धताका दृष्टिले अध्ययन विश्लेषण गरिएको छ ।

वर्तमान अर्थात् एक्काइसौँ शताब्दीमा आइपुग्दा शिक्षण सिकाइका क्षेत्रमा उल्लेखनीय परिवर्तन आएको देखिन्छ । शिक्षण सिकाइमा नवीन मान्यताहरू विकास हुँदै गइरहेका छन् । नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले वर्तमान भाषा पाठ्यक्रममा कार्यसम्पादनसँग सम्बन्धित सिपहरूलाई व्यवहारकुशल सिप भनी उल्लेख गरेको छ । यसमा व्यवहारकुशल सिपलाई समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक, एक्काइसौँ शताब्दीका सिप जस्ता विभिन्न नामबाट परिचित गराइएको छ (पाविके, २०७६) । कक्षा १-३ को नेपाली भाषा पाठ्यक्रममा पाँचओटा मुख्य र २९ ओटा सहायक व्यवहारकुशल सिपहरू रहेका छन् । यस पाठ्यक्रममा २१ औँ शताब्दीका सिपहरू समेटिने खालका सिपहरूलाई व्यवहारकुशल सिपहरू (सफ्ट स्किल्स) भनेर प्रस्तुत गरिएको छ । यस पाठ्यक्रमले व्यवहारकुशल सिपहरूको प्रयोग गरी सिकाइलाई जीवनोपयोगी बनाउने लक्ष्य लिएको देखिन्छ (आचार्य, २०८१) । उक्त सिपहरूमा सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, बहुसाक्षरता सिप र नागरिक सिप गरी मुख्य पाँच किसिमका सिपहरू उल्लेख गरिएका छन् ।

एक्काइसौँ शताब्दीका सिप विकासका लागि बालबालिकालाई व्यावहारिक तथा जीवनोपयोगी सिपहरूको आवश्यकता पर्दछ । विद्यार्थीले विभिन्न कार्य, पेसा, विषय क्षेत्र वा ज्ञानको क्षेत्रमा प्रदर्शन गर्न सक्ने क्षमतासँग सम्बन्धित हुने भएकाले व्यवहारकुशल सिपहरू पाठ्यक्रमका सक्षमता र सिकाइ उपलब्धिलाई व्यवहारमा उतार्ने सिपहरू हुन् (दाहाल, २०७७) । उनले कक्षा १–३ को एकीकृत पाठ्यक्रम (२०७७) मा विभिन्न विषयगत ज्ञान र सिपलाई समस्या समाधान विधि मार्फत शिक्षण गराई व्यवहारकुशल सिपहरूको सिकाइ सुनिश्चित गराउन खोजेको छ भन्ने टिप्पणी गरेका छन् ।

सिकाइ र नवप्रवर्तन सिपहरू, साक्षरता सिपहरू तथा जीवन र पेसागत सिपहरू यस्ता सिपअन्तर्गत पर्दछन् । बोलाट र जेन्कोग्लु (सन् २०२४) मा एक्काइसौँ शताब्दीका सिपहरू अत्यन्तै प्रभावकारी हुने भए पनि कमजोर पाठ्यक्रम तथा आवश्यक सामग्रीहरूको अभावका कारण प्रभावकारी बन्न नसकेको उल्लेख छ । हिक्सन र अन्य (सन् २०१२) ले एक्काइसौँ शताब्दी सिपहरूमा सूचना र सञ्चार सिपअन्तर्गत विद्यार्थीहरू प्रविधिका साधनहरूको प्रयोग गरी सूचनालाई मौखिक, लिखित वा प्रविधिका उपकरणहरूको उपयोग गरी विश्लेषण गर्ने, व्यवस्थापन गर्ने, एकीकृत गर्ने, मूल्याङ्कन गर्ने र सिर्जना गर्ने कार्य गर्न सक्षम हुनुलाई मानेका छन् । चिन्तन र कारण खोज्ने सिपअन्तर्गत विद्यार्थीहरूले प्रविधिका साधनहरूको उपयोग गरी नयाँ विचारहरूको प्रतिपादन र विकास गर्ने, सबल कारणहरूको खोजी गर्ने, जटिल समस्याहरूको समाधान गर्ने जस्ता कार्यहरू गर्ने क्षमतालाई मानेका छन् । त्यस्तै, उनले वैयक्तिक र कार्यस्थल सिपअन्तर्गत विद्यार्थीहरू प्रविधिको उपयोग गरी नेतृत्व, नैतिक व्यवहार, आदर, जिम्मेवारी वहन, योजनाको प्रारम्भ र कार्य सम्पन्न गर्न सक्नुलाई मानेका छन् । स्कोट (सन् २०१५) ले जान्नका लागि सिकाइ (लर्निङ टु नो), गर्नका लागि सिकाइ (लर्निङ टु डु), हुनका लागि सिकाइ (लर्निङ टु बि) र एकसाथ जिउनका लागि सिकाइ (लर्निङ टु लिभ टुगेदर) लाई एक्काइसौँ शताब्दीको शिक्षाका आधार स्तम्भका रूपमा चिनाएका छन् । यसबाट एक्काइसौँ शताब्दीको शिक्षा व्यक्तिगत सिकाइ र सिर्जनात्मकतालाई प्रोत्साहन गर्ने खालको हुनुपर्छ भन्ने कुरा बोध गर्न सकिन्छ ।

एक्काइसौँ शताब्दी सिपहरू विद्यार्थीको वास्तविक जीवनसँग सम्बन्धित र व्यावहारिक प्रयोग वा कार्यबाट तिनको मापन गरिने भएकाले यिनलाई व्यावहारकुशल सिप (सफ्ट स्किल्स) मानिन्छ । यस सम्बन्धमा लुन्डबर्ग (सन् २०१६) र पाविके (२०७६) मा एक्काइसौँ शताब्दी सिपहरूलाई व्यवहारकुशल सिपहरूका रूपमा चिनाइएको छ । यस्ता सिपहरूमध्ये तार्किक चिन्तन, सञ्चार, सहकार्य तथा सिर्जनशीलतालाई एक्काइसौँ शताब्दी सिपका रूपमा चिनाएका छन् ।

एक्काइसौँ शताब्दी सिपका सम्बन्धमा विद्वान्‌हरूका आआफ्नै दृष्टिकोणहरू रहेका छन् । सिपहरूको सङ्ख्या र नामकरण सम्बन्धमा समेत विभिन्नता पाइन्छ । जसमध्ये सारी र वार्धनी (सन् २०२०) ले डिजिटल साक्षरता, गहन सोच, प्रभावकारी सञ्चार, उच्च उत्पादकत्व र आध्यात्मिक तथा नैतिक मूल्यहरूलाई २१ औँ शताब्दीका सिपहरूका पाँच मुख्य क्षेत्रको रूपमा चिनाएका छन् । त्यस्तै उनीहरूले ग्रिफिन र केयर (सन् २०१५) लाई उद्धृत गर्दै २१ औँ शताब्दीका सिप र दृष्टिकोणहरूमा सोच्ने तरिका (ज्ञान, तार्किक र रचनात्मक सोच), सिक्ने तरिका (साक्षरता र सफ्ट स्किल्स) र अरूसँग मिलेर सिक्ने तरिका (व्यक्तिगत, सामाजिक र नागरिक जिम्मेवारीहरू) को रूपमा उल्लेख गरेका छन् । यसैलाई अर्को आधारमा तार्किक सोच (क्रिटिकल थिङ्किङ), रचनात्मकता (क्रिएटिभिटी), सञ्चार (कम्युनिकेसन) र सहकार्य (कोल्याबोरेसन) अर्थात् ४ सी का रूपमा उल्लेख गरेको पनि पाइन्छ । शिक्षकले विद्यार्थीलाई दक्ष तार्किक विचारक, सर्जक, सहकार्यकर्ता र सञ्चारकर्ताको रूपमा विकास गर्नुपर्छ भन्ने दृष्टिकोण नै २१ औँ शताब्दीको सिकाइ हो भन्न सकिन्छ । मन्सुर (सन् २०२३) ले उक्त एक्काइसौँ शताब्दी सिपहरूलाई ४ सी सिर्जनात्मकता (क्रिएटिभिटी), तार्किक/समालोचनात्मक चिन्तन (क्रिटिकल थिङ्किङ), सहकार्य (कोल्याबोरेसन) र सञ्चार

(कम्युनिकेसन) गरी चार सीका रूपमा उल्लेख गरेका छन् । उनले यसलाई शिक्षण सिकाइको चिन्तन पद्धतिमा परिवर्तन (प्याराडाइम सिफ्ट) मानेका छन् । चल्क्यादकी (सन् २०१८) ले एक्काइसौँ शताब्दी सिपहरूलाई वैयक्तिक सिप, सामाजिक सिप, सूचना र ज्ञानसम्बद्ध सिप गरी वर्गीकरण गरेका छन् । रुस्मन (सन् २०२३) मा पाठ्यक्रमको रूपान्तरणका लागि तार्किक चिन्तन, सिर्जनात्मकता, सहकार्य, सञ्चार, डिजिटल साक्षरता र समस्या समाधान जस्ता एक्काइसौँ शताब्दीका सिपहरूको समावेश गर्नुपर्ने निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा पाविके (२०७६) मा उल्लेख भएअनुसारका व्यवहारकुशल सिपलाई एक्काइसौँ शताब्दी सिप मानी त्यसैका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन भाषा पाठ्यक्रमका विशेषताहरूको शाब्दिक तथ्यमा आधारित भएकाले गुणात्मकभित्र थिमेटिक एनालाइसिस ढाँचामा आधारित छ । यसमा अध्ययनका लागि प्रलेख विश्लेषण (डकुमेन्ट एनालाइसिस) विधि अपनाइएको छ भने पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । तथ्य सङ्कलन र विश्लेषणका लागि विश्लेषण तालिका (एनालाइसिस सिट) निर्माण गरिएको छ । यसमा उद्देश्यपरक नमुना छनोटबाट शैक्षिक सत्र २०७७ बाट लागु भएको आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ को छनोट गरिएको छ । पाठ्यक्रममा उल्लिखित व्यवहारकुशल सिपहरू, सिकाइ उपलब्धि, शिक्षण सिकाइ कार्यकलाप, मूल्याङ्कन आदिसम्बद्ध विषयवस्तुलाई हिक्सन र अन्य (सन् २०१२), पाविके (२०७६), रुस्मन (सन् २०२३) आदिमा उल्लेख भएका तार्किक चिन्तन सिप, सहकार्यात्मक सिप, सञ्चार सिप, सिर्जनात्मक तथा नवप्रवर्तनात्मक सिप, स्वनिर्देशित सिप, संयोजन सिप र प्रविधि उपयोग सिप जस्ता एक्काइसौँ शताब्दी सिपहरूलाई मुख्य थिम (विषय क्षेत्र) मानी तिनको संयोजनका दृष्टिले नेपाली भाषा पाठ्यक्रमको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## व्याख्या विश्लेषण

### कक्षा १–३ को एकीकृत पाठ्यक्रम (२०७६) का अपेक्षा

आधारभूत तह (कक्षा १–३) पाठ्यक्मको प्राक्कथन खण्डमा उद्देश्यमूलक, व्यावहारिक समसामयिक एवम् सान्दर्भिक बनाउन पाठ्यक्रम परिमार्जन गरिएको भन्ने उल्लेख हुनुले यो पाठ्यक्रममा २१ औँ शताब्दी सिपहरू ख्याल गरिएको भन्न सकिन्छ । यस खण्डमा बालबालिकाको सर्वाङ्गीण विकास, सामाजिक न्याय प्रवर्धन, सक्षम र प्रतिष्पर्धी नागरिक विकास गर्ने लक्ष्य राखिएको छ (पाविके, २०७६) । कक्षा १–३ मा हाम्रो सेरोफेरो, गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा गरी चारओटा विषय एकीकृत गरी बहुविषयक ढाँचाको पाठ्यक्रम निर्माण भएको छ । यस पाठ्यक्रममा ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर र चुनौतीसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय आवश्यकताको सम्बोधन, सिकाइलाई जीवनसापेक्ष बनाउन, बालबालिकाको रचनात्मक क्षमता विकास गर्न (पाविके, २०७६) उल्लेख भएबाट यस पाठ्यक्रमको लक्ष्य विद्यार्थीमा २१ औँ शताब्दी सिप विकास गर्नु रहेको देखिन्छ । त्यस्तै यस पाठ्यक्रममा उल्लेख भएका सर्वाङ्गीण बालविकासको अवधारणा, बालकेन्द्रित सिकाइ सिद्धान्त, जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूको एकीकृतता, जीवनसापेक्ष सिकाइ, नेपाली मूल्यमान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्व जस्ता पक्षहरू २१ औँ शताब्दी सिपकेन्द्री रहेका छन् ।

### पाठ्यक्रम निर्दिष्ट व्यवहारकुशल सिपहरू

प्रस्तुत लेखमा हिक्सन र अन्य (सन् २०१२), पाविके (२०७६), रुस्मन (सन् २०२३) मा उल्लेख भएअनुसारका सिपहरूलाई एक्काइसौँ शताब्दीका सिपहरूका रूपमा लिइएको छ । यसमा उल्लेख भएअनुसारका समालोचनात्मक

सोचाइ सिप, सहकार्यात्मक सिप, सञ्चार सिप, सिर्जनात्मक र नवप्रवर्तनात्मक सिप, स्व/आत्मनिर्देशन सिप, विश्व संयोजन सिप, स्थानीय संयोजन सिप, प्रविधिलाई सिकाइको साधनका रूपमा उपयोग गर्ने सिप आदिलाई एक्काइसौँ शताब्दीका सिपहरूका रूपमा चर्चा गरिएको छ। यस क्रममा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम (२०७६) मा उल्लेख भएअनुसार उपशीर्षकमा व्यवस्थित गरिएको छ :

**सोचाइ सिप :** जटिल समस्याहरूको विश्लेषण गर्ने, प्रतिक्रिया दिने, विभिन्न दृष्टिकोण वा सूचनाहरूको मूल्याङ्कन गर्ने तथा ठोस निष्कर्षमा पुग्ने सिपलाई तार्किक सोचाइ सिप वा कौशल भनिन्छ (हिक्सन र अन्य, सन् २०१२)। पाठ्यक्रमले विद्यार्थीमा प्राप्त सूचनाहरूको प्रशोधन, संयोजन, निर्णय तथा नयाँ विचार सिर्जना गर्नेसम्मका संज्ञानात्मक क्रियाकलापहरूलाई सोचाइ सिपअन्तर्गत राखेको छ। बालबालिकाहरूले आफ्ना अनुभवहरूको बोध, समस्याहरूको समाधान, निर्णय, प्रश्नोत्तर तथा भावी योजना निर्माण र सूचनाहरूको सङ्गठन गर्दा यस्ता सोचाइ सिपहरू प्रयोग गर्दछन् (पाविके, २०७६)। श्रेष्ठ, निउरे र सिंह (सन् २०२२) का अनुसार यस्ता सिपहरूले विद्यार्थीलाई जटिल परिस्थिति र वास्तविक समस्यासँग परिचित हुन समस्या समाधान गर्न सघाउ पुग्ने देखिन्छ। आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम (२०७६) मा सोचाइ सिपअन्तर्गत प्रयोग सिप, सिकाइ सिप, रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप, निर्णय तथा समस्या समाधान सिप गरी पाँच प्रकारका व्यवहारकुशल सिपहरू हासिल गराउन खोजिएको छ। यस पाठ्यक्रममा प्रयोग सिप, सिकाइ सिप, रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप, निर्णय तथा समस्या समाधान सिपहरूलाई सोचाइ सिपअन्तर्गतका सहायक सिप मानिएको छ।

यस पाठ्यक्रममा नवीन परिस्थिति एवम् सन्दर्भमा पहिले सिकेका ज्ञान तथा सिपलाई प्रयोग गर्ने योग्यतालाई प्रयोग सिपका रूपमा चिनाइएको छ। विद्यार्थीले हासिल गर्ने सिकाइ र त्यसलाई निरन्तरता दिने अनि सिकाइलाई सङ्गठित गर्ने क्षमतालाई सिकाइ सिपका रूपमा चिनाइएको छ। पाठ्यक्रममा विषयवस्तु वा सूचनाको वर्गीकरण, उपयुक्त विचारहरूको विश्लेषण तथा नवीन विचार सिर्जना गर्ने, गुणदोषका आधारमा प्रचलित मान्यताहरूलाई चुनौती, परिकल्पना निर्माण एवम् भविष्यवाणी, प्राप्त प्रमाणहरूको परीक्षण र निष्कर्ष, विभिन्न विकल्पहरूको खोजी, समस्याहरू समाधान, उपलब्धिहरूको मूल्याङ्कन, क्रियाशील रूपमा नयाँ विचार वा दृष्टिकोण खोज्ने, समस्या समाधानलाई प्रवर्तनात्मक बनाउने साथै जोखिम उठाउन अघि सर्नेसम्मका दक्षतालाई रचनात्मक सोचाइ सिप मानिएको छ। श्रेष्ठ, निउरे र सिंह (सन् २०२२) का अनुसार यी सिपहरू विद्यार्थीमा प्रभावकारी निर्णय लिने, निष्कर्ष निकाल्ने, अवधारणा निर्माण गर्ने, विश्लेषण, संश्लेषण र मूल्याङ्कन गर्ने जस्ता क्षमता विकासमा प्रभावकारी हुन्छन्। यस पाठ्यक्रममा समालोचनात्मक सोचाइअन्तर्गत प्रभावकारी तर्क गर्ने, पद्धति सोचको प्रयोग गर्ने, छानविन तथा निर्णय गर्ने आदि सक्षमताहरू समेटिएका छन्। निर्णय तथा समस्या समाधान सिपअन्तर्गत विभिन्न स्रोतहरूबाट सूचना प्राप्त गर्ने, उद्देश्य केन्द्रित गरी विश्वसनीयता स्रोतहरू चयन गर्ने, सूचनाहरूको अभिलेखीकरण गर्ने, सङ्गठित गर्ने, सारांश निकाल्ने, एकीकृत गर्ने, विकल्प छनोट गरी निर्णय लिने र समस्या समाधान गर्ने जस्ता योग्यताहरू समावेश गरिएका छन्। स्कोट (सन् २०१५), ग्रिफिन र केयर (सन् २०१५) आदिको मतसँग पनि उक्त सिपहरू मेल खाने देखिन्छन्।

**वैयक्तिक सिप :** बालबालिकाको संज्ञानात्मक विकास, सामाजिक तथा संवेगात्मक विकास, वाचन तथा भाषा विकास र कुशल क्रियात्मक सिप विकास आदि पक्षसँग सम्बन्धित सिपहरूलाई कक्षा १-३ को पाठ्यक्रमले वैयक्तिक सिपका रूपमा लिएको छ। यस्ता सिपहरूले विद्यार्थीलाई कामको जिम्मेवारी लिन, कामप्रति प्रतिबद्धता एवम् आत्मविश्वास प्रदर्शन गर्न, आफ्नो योग्यताको लेखाजोखा गर्न आफ्नो जीवनको लक्ष्यबारे विचार व्यक्त गर्न सहयोग

पुर्याउँछ (पाविके, २०७६) । त्यस्तै दैनिक जीवन व्यवस्थापन, कार्ययोजना विकास, स्वमूल्याङ्कन गर्न वैयक्तिक सिपहरू प्रभावकारी हुन्छन् । पाठ्यक्रमा स्वव्यवस्थापन, आत्मबल/स्वाभिमानको विकास, इमान्दारी/स्वअनुशासन, समय व्यवस्थापन, व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलता, जिम्मेवारी एवम् प्रतिबद्धता जस्ता सिपहरूलाई सहायक वैयक्तिक सिपहरूको रूपमा चर्चा गरेको छ ।

विद्यार्थीले कसैको करबलमा नभई आफैँ स्वस्फूर्त रूपमा काम सुरु गर्नु तथा आफ्नो लक्ष्य निर्धारण गर्नु स्वव्यवस्थापन सिपको उदाहरण हो । वर्तमान कक्षा १–३ को पाठ्यक्रम (२०७६) मा आफ्नो हेरचाह गर्ने, दैनिक जीवन व्यवस्थापन गर्ने, कार्ययोजना निर्माण गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने, तिनको मूल्याङ्कन गर्ने र प्राप्त गर्नेसम्मको दक्षता आदिलाई स्वव्यवस्थापन सिप भनिएको छ । यस पाठ्यक्रममा हरेक विद्यार्थी एउटा व्यक्तिका रूपमा स्वयंप्रति विश्वस्त हुन सक्नुलाई स्वाभिमानको विकास मानिएको छ । त्यस्तै स्वयंको लेखाजोखा वा मूल्याङ्कन गर्ने, आफूले आफ्ना कार्यसम्पादनको मूल्याङ्कन गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र यसमा प्रत्युत्तर दिने योग्यता, स्वअनुशासन र इमानदारी प्रदर्शन गर्न सक्नुलाई इमान्दारी र स्वअनुशासन मानेको छ । पाठ्यक्रममा उल्लेख भएको आफ्ना दैनिक क्रियाकलापमा समय व्यवस्थापन गर्नु, कार्यको प्राथमिकता निर्धारण गर्न सक्नु समय व्यवस्थापन सिपसँग सम्बन्धित छ । पाठ्यक्रममा व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता सिपअन्तर्गत दैनिक कार्यमा व्यक्तिगत लक्ष्य निर्धारण गर्ने अनि कार्यमा अग्रसरता लिने सिपलाई राखिएको छ । विभिन्न साधन, सूचना तथा विधिको प्रयोग गरी आफैं सिक्ने, सिकाइ, कार्य वा व्यवहारमा परिस्थितिअनुकूल परिवर्तन तथा समायोजन गर्न सक्ने क्षमतालाई स्वतन्त्र सिकाइ, लचकता र अनुकूलन (पाविके, २०७६) का रूपमा लिइएको छ । जिम्मेवारी एवम् प्रतिबद्धता सिपभित्र नयाँ एवम् कठिन परिस्थितिमा सहयोग पुर्याउने वैयक्तिक गुणहरू विकसित गर्ने, उदाहरणका लागि पहल गर्ने, लचकदार बन्ने, विश्वसनीय बन्ने, कठिनाइहरू उत्पन्न भएका बेला दृढ रहने जस्ता सिपहरू (पाविके, २०७६) समावेश गरिएको छ ।

**अन्तरवैयक्तिक सिपहरू :** आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम (२०७६) मा व्यक्ति व्यक्तिका बिचमा प्रभावकारी सञ्चार तथा समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुनु, असल सम्बन्ध कायम गर्नु भन्ने जस्ता योग्यतालाई अन्तरवैयक्तिक सिप मानिएको छ । अन्तरवैयक्तिक सिपहरूमध्ये सञ्चार सिपको विकासले अरूसँग दोहोरो सञ्चार गर्ने, सामूहिक लक्ष्य पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने, समूहमा जिम्मेवारी पहिचान गर्ने, भूमिका बाँडफाँड गर्ने, समूहमा राम्रो सम्बन्ध विकास गर्ने, समूहका प्रगतिको लेखाजोखा गर्ने, समूह कार्यको समीक्षा गर्ने र व्यक्तिगत रूपमा आफ्नो योगदानको प्रतिविम्बन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसमा सञ्चार, सहकार्य, सहयोग तथा सहानुभूति, सक्रिय सुनाइ, सांस्कृतिक/नैतिक सिप आदिलाई सहायक सिपहरू समावेश गरिएका छन् :

सञ्चार सिपअन्तर्गत आफ्ना विचार, भावना आदि व्यवस्थित गर्ने, तिनलाई मौखिक वा लिखित रूपमा व्यक्त गर्ने कलालाई समेटिएको छ । कक्षा १-३ को वर्तमान पाठ्यक्रम (२०७६) ले सामाजिक अन्तरक्रियाका सन्दर्भमा आफ्नो र अरूका संवेग, अभिप्रेरणा र व्यवहारहरूलाई अध्ययन र व्यवस्थित गर्न सक्ने क्षमता, प्रचलित विभिन्न साधनहरूको प्रयोग तथा स्थानान्तरणको माध्यमबाट विचार आदान प्रदान गरी अर्थ पहिल्याउने क्षमता, घरपरिवार एवम् कार्यस्थलमा प्रयोग गर्ने विद्युतीय सञ्चार सिपहरूको योग्यताहरू समेटिएका छन् । एकअर्कासँग मिलेर काम गर्ने, साझा लक्ष्य प्राप्तिका लागि समूहमा मिलेर काम गर्ने तथा काम गर्न साझा जिम्मेवारी ग्रहण गर्ने क्षमतालाई सहकार्यात्मक सिप वा कौशल भनिन्छ । कक्षा १-३ को पाठ्यक्रम (२०७६) मा समस्या समाधान गर्ने, नवीन उत्पादन गर्ने अथवा

विषयवस्तु सिक्ने र सक्षमता हासिल गर्ने, सँगै काम गरेका दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच सहयोगात्मक अन्तरक्रिया गर्ने योग्यता, विभिन्न सन्दर्भमा अलग अलग उद्देश्यहरू एवम् लक्ष्यहरू लिएका व्यक्तिसँग मिलेर काम गर्ने योग्यता, सामूहिक लक्ष्यहरूको पहिचान, मूल्याङ्कन तथा प्राप्त गर्ने योग्यता, समूहमा जिम्मेवारी पहिचान गरी भूमिका बाँडफाँड गर्ने योग्यता, समूहको कामको प्रगति जाँच गर्ने, पुनरावलोकन गर्ने र व्यक्तिगत रूपमा आआफ्नो योगदानबारे प्रतिविम्बन गर्ने योग्यतालाई सहकार्यात्मक सिप मानिएको छ। कक्षा १-३ को प्रचलित पाठ्यक्रममा कुनै घटना, कार्य, अवस्था र नतिजाका आधारमा आवश्यकतानुसार कुनै व्यक्तिलाई सहयोग तथा सहानुभूति प्रदान गर्ने योग्यतालाई सहयोग र सहानुभूति सिप विकास मानिएको छ। सक्रियतापूर्वक सुन्ने सिपलाई अरूका विचार, दृष्टिकोण, सूचना तथा जानकारी सक्रियतापूर्वक सुन्ने, बुझ्ने र तदनुकूल आवश्यक प्रतिक्रिया जनाउने योग्यता मानिएको छ। त्यस्तै सांस्कृतिक/नैतिकता सिपभित्र सांस्कृतिक विविधता पहिचान गर्ने योग्यता, विश्वव्यापी मुद्दाहरूमा दृष्टिकोण विकास गर्ने योग्यता, प्रजातान्त्रिक समाज निर्माण गर्न बौद्धिक क्षमता योग्यताहरू विकास गर्ने योग्यता मानिएको छ।

**सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू :** यस सिपले बालबालिकामा आफ्नो ज्ञान वा सिकाइको व्यवस्थापन गर्न र नयाँ कुराहरू सिर्जना गर्न उपयुक्त सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने क्षमतालाई यसले बुझाउँछ (हिक्सन र अन्य, सन् २०१२)। कक्षा १-३ को एकीकृत पाठ्यक्रम (२०७६) मा एक्काइसौं शताब्दीमा सफलता पाउन विद्यार्थीहरूमा विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्ने, विविधताको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, विश्वव्यापी सोच, समस्याको प्रभावकारी समाधान, सिक्ने जिज्ञासा, बाह्य जगतबाट चिन्तन गर्ने, सञ्चार र विश्लेषणलाई बुझ्न सक्ने जस्ता विभिन्न सिपहरू विकसित गर्नुपर्दछ। यस सिपका सहायक सिपहरूमा आधारभूत साक्षरता, प्राविधिक साक्षरता, दृश्य साक्षरता, सूचना साक्षरता, बहुसांस्कृतिक साक्षारतालाई समावेश गरिएको छ।

सूचना प्रविधिको आधारभूत साक्षरता सिपभित्र कक्षा १-३ को पाठ्यक्रमले विद्यार्थीमा उपयुक्त तहको भाषागत एवम् सङ्ख्यात्मक दक्षता विकास गरी आफ्नो पेसा वा कार्य सम्पादन गर्न सक्ने तथा समाजमा आफ्नो लक्ष्य प्राप्त गर्ने र हालको डिजिटल युगसापेक्ष ज्ञान एवम् क्षमता प्राप्त गर्ने योग्यता समेटेको छ। यसमा प्राविधिक साक्षरता सिप भन्नाले प्रविधिको परिचय, त्यसले गर्ने कार्य, यसले पूरा गर्ने उद्देश्यहरू, कुशलतापूर्वक एवम् प्रभावकारी रूपमा उद्देश्य प्राप्त गर्न सक्ने योग्यतालाई बुझाउन खोजिएको छ। यसको दृश्य साक्षरता सिपले चाहिँ परम्परागत एवम् एक्काइसौँ शताब्दीको सञ्चार माध्यम प्रयोग गरी निर्णय, सञ्चार र सिकाइमा तस्बिर/छवि र दृश्य सामग्रीको प्रयोग, व्याख्या एवम् सिर्जना गर्न सक्ने योग्यतालाई जनाएको छ। कक्षा १-३ को यस पाठ्यक्रममा सूचना प्रविधि, सञ्चार सञ्जालहरू र विद्युतीय स्रोतहरूको उपयोग गरी विभिन्न सञ्चार माध्यमका सूचनाहरूको पहचिान तथा मूल्याङ्कन, सूचनाको आवश्यकता पहिचान, संश्लेषण गर्ने र प्रभावकारी तरिकाले प्रयोग गर्ने योग्यता (पाविके, २०७६) लाई सूचना साक्षरता मानिएको छ। यहाँ रहेको बहुसांस्कृतिक साक्षरता सिपले आफ्नै र अन्यको संस्कृति, चालचलन, मूल्य एवम् विश्वासबारे समानता एवम् भिन्नता बुझ्ने, सम्मान एवम् प्रशंसा गर्ने सिप हासिल हुनुलाई जनाएको छ।

**नागरिक सिप :** कक्षा १-३ को वर्तमान पाठ्यक्रममा बालबालिकामा नागरिक अधिकार र दायित्वप्रति सचेतता विकास गराई नागरिक अधिकार प्राप्ति र दायित्व कुशलतापूर्वक निर्वाह गर्ने नागरिकका रूपमा विकास गर्न सहयोग गर्ने उद्देश्य समावेश गरेको छ। नागरिक सिपअन्तर्गत लोकतान्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खुलापन, विविधताको बोध र सम्मान राष्ट्रिय पहिचान, समाज, भाषा संस्कृति, राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, सामाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्नेलगायत विश्वव्यापी चेतनाको विकास गराउने कुराहरू समेटिएका छन्। एउटा असल नागरिकको विकासका लागि विभिन्न विषयमा एकीकृत गरी नागरिक सिपहरूसँग

सम्बन्धित सिपहरूमा विद्यार्थीमा सक्षमताहरू हासिल गराउन खोजिएको छ । नागरिक सिपअन्तर्गत निम्न लिखित सातओटा सहायक सिपहरू समेटिएका छन् :

सहनशीलता र खुलापनसम्बद्ध सिपले कक्षा १-३ को वर्तमान पाठ्यक्रमले परिवार तथा समुदायका प्रचलन तथा मान्यताहरू तथा अभ्यासप्रति सकारात्मक रहने क्षमता, आफ्ना विचार, मान्यता र अभ्यासलाई पारदर्शी बनाउने, अरूको प्रतिक्रिया सुन्ने र आवश्यकताअनुसार स्विकार्ने क्षमतालाई जनाएको छ । पाठ्यक्रममा रहेको विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ सिपले स्थानीय सांस्कृतिक वातावरण तथा विविधता बुझ्ने क्षमता, विभिन्न दृष्टिकोणहरू तथा विविधताको सम्मान गर्ने क्षमतालाई बुझाएको छ । पाठ्यक्रममा उल्लेख भएको लोकतन्त्रिक, सहभागितात्मक र समतामूलक सिपभित्र कुनै कार्यमा सहभागी हुन, फरक विचारप्रति सहिष्णु रहन, समतालाई प्रोत्साहन गर्न, आफ्नो र अरूको अधिकार तथा स्वाभिमान कायम राख्न सक्ने क्षमताहरू समेटेको छ । साथै वातावरणप्रतिको सजगता र सम्मान सिपले कुनै कार्य वा व्यवहार प्रदर्शनका क्रममा भौगोलिक तथा सामाजिक सांस्कृतिक वातावरणको अनुकूलनलाई ध्यान दिने क्षमतालाई जनाएको छ । पाठ्यक्रममा रहेको राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति सिपमा आफ्नो समुदाय, भाषा, संस्कृति तथा राष्ट्रिय पहिचानप्रति सजक रही सम्मान गर्ने र अपनत्वको अनुभूति गर्ने क्षमतालाई समेटिएको छ । सामाजिक एवम् नागरिक जिम्मेवारी सिपअन्तर्गत सार्वजनिक वस्तुहरूको अभिवृद्धि एवम् समाज, वातावरण र प्रजातान्त्रिक आदर्शको सुरक्षा गर्ने गरी प्राविधिलाई व्यवस्थित गर्ने योग्यता समेटिएको छ । नागरिक सिपअन्तर्गतको वैयक्तिक जिम्मेवारी सिप मार्फत् एक सचेत नागरिक, परिवार एवम् समुदायको सदस्यका रूपमा अनुशासित, इमानदार भई र गुणस्तरीय जीवन प्राप्त गर्ने क्षमता विकास गर्न खोजेको छ ।

आधारभूत तह कक्षा १-३ को एकीकृत ढाँचामा तयार पारिएको विद्यालय पाठ्यक्रम (२०७६) मा यस अघि उल्लेख गरिएका व्यवहारकुशल सिपहरू नै एक्काइसौँ शताब्दी सिप हुन् । यो कुरा सम्बन्धित पाठ्यक्रममा समेत उल्लेख गरिएको छ । यस पाठ्यक्रममा समेटिएका व्यवहारकुशल सिप तथा तिनका सहायक सिपहरू हिक्सन र अन्य (सन् २०१२), स्कोट (सन् २०१५), ग्रिफिन र केयर (सन् २०१५), मन्सुर (सन् २०२३) आदिका मतसँग पूर्ण रूपमा तादात्म्य राख्ने खालका नभई तिनमा विद्यार्थीको दैनिक जीवन विचार तथा कार्य, नैतिकता आदिलाई आधार मानिएको हुँदा पूर्ण रूपमा एक्काइसौँ शताब्दी सिपको उपयोग भएको देखिँदैन । यस पाठ्यक्रममा एक्काइसौँ शताब्दीका सिर्जनशीलता र नवीनता/नवप्रवर्तनात्मक सिपमा जटिल समस्याहरूको संश्लेषण तथा विश्लेषण गर्ने, सुधार गर्ने अनि आफूले सिकेका कुराहरूलाई नयाँ र रचनात्मक तरिकाले प्रस्तुत गर्न सक्ने क्षमतालाई सिर्जनशीलता र नवीनता सिप वा कौशलहरू समावेश भएका छन् । त्यस्तै विश्व संयोजन/विश्वव्यापी सम्बन्ध सिपभित्र विश्वव्यापी र भूराजनीतिक मुद्धाहरू बुझ्न सक्ने क्षमतालाई राख्न सकिन्छ । यसमा देशको भूगोल, संस्कृति, भाषा, इतिहास र साहित्यप्रतिको सचेतना समेत समावेश हुन्छ । एक्काइसौँ शताब्दीको स्थानीय संयोजन सिपअन्तर्गत आफ्नो मौलिक ज्ञानलाई आफ्नै समुदायका परिस्थिति र समस्याहरूमा लागु गर्न सक्ने क्षमता पर्दछ (हिक्सन र अन्य, सन् २०१२) । यसरी कक्षा १-३ को नेपाली भाषा पाठ्यक्रमका तहगत सिकाइ सक्षमता र उपलब्धिमा एक्काइसौँ शताब्दी सिपहरूको पूर्ण उपयोग हुन सकेको देखिँदैन ।

## तहगत सक्षमताको विश्लेषण

आधारभूत तह पाठ्यक्रम (कक्षा १-३) मा ७ ओटा तहगत सक्षमताहरू रहेका छन् । २१ औँ शताब्दी सिप विकासका दृष्टिले तिनको विश्लेषण यसअनुसार रहेको छ :

| क्र.सं. | कक्षा १–३ का तहगत सक्षमता | पाठ्यक्रम उल्लिखित २१ औँ शताब्दी सिपको क्रम र सिपसम्बद्धता |
|---|---|---|
| १. | आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग | ३.१ आधारभूत सञ्चार सिपहरूको घरपरिवार र कार्यस्थलमा प्रयोग |
| २. | आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग | १.३ समस्या समाधान गर्न उपलब्धि मूल्याङ्कन गर्ने रचनात्मक सोचाइ सिप |
| ३. | अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास | २.३ स्वअनुशासन र इमान्दारी प्रदर्शन<br>३.५ सांस्कृतिक विविधता पहिचान गर्ने सिप |
| ४. | विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास | ४.२ प्राविधिक साक्षरता र प्रयोग गर्ने योग्यता |
| ५. | शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिपको विकास | २.१ स्वव्यवस्थापन र दैनिक जीवन व्यवस्थापन सिप |
| ६. | कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास | ३.५ सांस्कृतिक विविधता पहिचान र दृष्टिकोण विकास सिप |
| ७. | आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास | ४.५ बहुसांस्कृतिको साक्षरता सिप, सांस्कृतिक मूल्य पहिचान र सम्मान गर्ने सिप |

कक्षा १-३ को पाठ्यक्रमका तहगत सक्षमताहरू २१ औँ शताब्दी सिप विकासका दृष्टिले सबल र विशिष्टीकृत देखिँदैनन्। यस पाठ्यक्रममा जम्माजम्मी सातओटा सिकाइ सक्षमताहरू रहेका छन्। हिक्सन र अन्य (सन् २०१२) मा आधारित आठओटा २१ औँ शताब्दी सिपलाई आधारित मानेर हेर्दा कुनै पनि सक्षमताले उक्त सिपलाई पूर्ण रूपमा समेट्न सकेको देखिँदैन। उक्त तहका सबै विषयका लागि निर्धारित उक्त सक्षमताहरू विषयगत रूपमा नेपालीमा केन्द्रित हुन नसके पनि कम्तीमा सिपगत दृष्टिले चाहिँ उपयुक्त हुनुपर्ने देखिन्छ। निष्कर्षतः यो पाठ्यक्रमको परिचय खण्डमा उल्लेख भएअनुसार २१ औँ शताब्दी सिप विकासमा केन्द्रित गर्न खोजिएको तर उक्त सिपहरूमा आधारित भएर निर्माण हुन सकेको चाहिँ देखिँदैन। तहगत सक्षमतामा तार्किक/समालोचनात्मक सोचाइ सिपको उपयोगसम्बन्धी कुनै उल्लेख भएको छैन। यस पाठ्यक्रममा एकाइसौँ शताब्दी सिपको न्यूनताका साथै पाठ्यक्रममा नै उल्लेख भएका पाँच मुख्य र २९ सहायक क्षेत्रका व्यवहारिक सिपहरूको पनि उपयुक्त संयोजन हुन सकेको छैन, जुन कुरा माथिको तालिकाले पनि जनाएको छ।

## नेपाली विषयको तहगत सक्षमताको विश्लेषण

कक्षा १-३ मा रहेका तहगत सक्षमताहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

| क्र.सं. | कक्षा १-३ का तहगत सक्षमता | पाठ्यक्रम उल्लिखित २१ औँ शताब्दी सिपको क्रम र सिपसम्बद्धता |
|---|---|---|
| १. | कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार | ३.१ सञ्चार सिपअन्तर्गत सामाजिक अन्तरक्रिया सिप |
| २. | चित्र, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र अभिव्यक्ति | ३.४ सक्रियतापूर्वक सुन्ने, विचार वा दृष्टिकोण सुन्ने, बुझ्ने र तदनुकूल आवश्यक प्रतिक्रिया जनाउने सिप<br>४.३ दृश्य सामग्रीको प्रयोग, व्याख्या एवम् सिर्जना |
| ३. | शब्दमा प्रयुक्त ध्वनि र वर्णको शुद्ध उच्चारण | १.१ सिकाइको भिन्न सन्दर्भमा प्रयोग गर्ने क्षमता |
| ४. | वर्ण, मात्रा र शब्दको सङ्केतन र विसङ्केतन गरी शुद्ध बोलाइ र लेखाइ | १.२ सिकाइलाई सङ्गठित गर्ने सिप |
| ५. | प्रवाहपूर्ण पठन, उपयुक्त बोध र अभिव्यक्ति | १.२ सिकाइ हासिल गर्ने र जारी राख्ने योग्यता |
| ६. | श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको बोधसहितको भाषिक कार्य | १.३ तर्क वा विचारहरूको विश्लेषण तथा सिर्जना गर्ने सिप |
| ७. | मौखिक र लिखित अभिव्यक्तिमा सिर्जनात्मक तथा समालोचनात्मक शिल्पको प्रयोग | १.४ सिर्जनशीलता र तार्किक/समालोचनात्मक सोचाइ सिप |

तालिकामा उल्लेख भएका सिकाइ सक्षमताहरूलाई हेर्दा नेपाली भाषासम्बद्ध सक्षमताहरू (हिक्सन र अन्य, सन् २०१२) मा उल्लेख भएका २१ औँ शताब्दीका सिकाइ सक्षमता विकासका दृष्टिले नेपाली विषयको पाठ्यक्रम कमजोर रहेको निष्कर्षमा पुग्न सकिन्छ। कक्षा १-३ का तहगत सक्षमताहरू एक्काइसौँ शताब्दीका सोचाइ सिप र

अन्तरवैयक्तिक सिपसँग मात्र सम्बन्धित रहेका छन् । उक्त तहका सक्षमताहरू एक्काइसौँ शताब्दी सिपका दृष्टिले सन्तुलित देखिँदैनन् । उक्त सक्षमताहरू पाठ्यक्रममा उल्लेख भएका व्यवहार कुशल सिपका दृष्टिले पनि कमजोर देखिनुले पनि एक्काइसौँ शताब्दी सिपका दृष्टिले प्रभावकारी देखिँदैनन् ।

## कक्षागत सिकाइ उपलब्धिको विश्लेषण

कक्षा १-३ का कक्षागत सिकाइ उपलब्धिहरूलाई मिल्दा सिकाइ उपलब्धिहरूलाई एकीकृत गरी तालिकामा प्रस्तुत गरिएको छ । त्यसपछि तिनलाई २१ औँ शताब्दी सिपसँग तुलना गरिएको छ :

| क्र.सं. | कक्षा १–३ का कक्षागत सिकाइ उपलब्धि | पाठ्यक्रम उल्लिखित २१ औँ शताब्दी सिपको क्रम र सिपसम्बद्धता |
|---|---|---|
| १. | कुराकानी, संवाद, छलफल, प्रश्नोत्तरमा उपयुक्त भाषा, संरचना पहिचान र प्रयोग, घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन र तार्किक विश्लेषण गर्न | १.३ रचनात्मक सोचाइ सिप, तर्कहरूको विश्लेषण र मूल्याङ्कन गर्ने योग्यता<br>१.४ प्रभावकारी तर्क गर्ने, निर्णय लिने समालोचनात्मक सिप |
| २. | पारिवारिक, विद्यालयीय र सामाजिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न | ३.४ अरूका विचार, दृष्टिकोण, जानकारी आदि सक्रियतापूर्वक सुन्ने, बुझ्ने र तदनुकूल प्रयोग गर्ने सिप |
| ३. | उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको प्रयोग गरी भाषिक सञ्चार गर्न | १.३ सिकाइको सङ्गठन तथा समस्या समाधान सिप |
| ४. | शब्दका वर्ण तथा शब्द विभाजन गर्न र जोडेर, थपेर, झिकेर र परिवर्तन गरेर नयाँ शब्द निर्माण गर्न | १.३ सिकाइलाई सङ्गठित गर्ने सिप |
| ५. | शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न, शब्दको सन्दर्भगत अर्थ पहिचान र प्रयोग गर्न | ४.३ सञ्चार र सिकाइमा तस्बिर र दृश्य सामग्रीको प्रयोग, व्याख्या एवम् सिर्जना सिप |
| ६. | हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान गरी उच्चारण र अर्थबोध गर्न | १.१ सिकाइको स्थानान्तरण गर्ने सिप |
| ७. | पाठका शीर्षक, चरित्र, परिवेश र घटनाको वर्णन गर्न, सन्दर्भ सामग्री पढेर विषयवस्तु बोध गरी लेख्न | १.३ विषयवस्तु बोध तथा विश्लेषण गर्ने रचनात्मक सिप |
| ८. | लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सरल वाक्यमा परिवर्तन गर्न, पदसङ्गति मिलाई लेख्यचिह्न र क्रियाका कालको उपयुक्त प्रयोग गरेर वाक्य तथा अनुच्छेद रचना गर्न | १.२ सिकाइलाई सङ्गठित गर्ने सिप<br>१.३ ढाँचा एवम् सम्बन्धलाई परीक्षण र सूचना वर्गीकरण, क्रमबद्ध प्रस्तुति सिप |
| ९. | सर्गपरक शब्दको पहिचान गरी उच्चारण र शब्दसूची निर्माण गर्न, पाठमा प्रयुक्त दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द तथा शीर्ष शब्द पढ्न | १.१ सिकेका ज्ञानको नयाँ परिस्थितिमा प्रयोग सिप<br>१.२ सिकाइलाई सङ्गठन गर्ने सिप |
| १०. | हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिव्रिmया व्यक्त गर्न | ३.३ कुनै घटना, कार्य, अवस्था र नतिजाका आधारमा सहयोग र सहानुभूति व्यक्त गर्ने योग्यता |
| ११. | स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न | ४.५ आफ्नै र अन्यको संस्कृति, चालचदन, मूल्य एवम् विश्वास बुझ्ने र व्यक्त गर्ने बहुसांस्कृतिक साक्षरता<br>५.२ स्थानीय सांस्कृतिक वातावरण र विविधता बुझ्ने र सम्मान गर्ने क्षमता |
| १२. | तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन | १.१ पूर्वज्ञानको नयाँ परिस्थितिमा प्रयोग सिप<br>१.२ आफ्नो सिकाइलाई सङ्गठित गर्ने सिप |
| १३. | शब्द, वाक्य र अनुच्छेदको अनुलेखन, श्रुतिलेखन, निर्देशित लेखन र सिर्जनात्मक लेखन गर्न | १.१ पहिले सिकेका ज्ञानलाई नयाँ परिस्थितिमा प्रयोग सिप<br>१.३ ढाँचा एवम् सम्बन्धलाई परीक्षण र सूचना वर्गीकरण सिप |

माथिको तालिकाका आधारमा आधारभूत तह कक्षा १-३ को पाठ्यक्रममा उल्लेख भएका व्यवहारकुशल सिपहरूलाई आधार मान्दा नेपाली भाषाका तहगत सिकाइ उपलब्धिसँग तिनको न्यून सम्बन्ध देखिन्छ । प्रायः सिकाइ उपलब्धिको तालमेल सोचाइ सिपसँग मात्र देखाउन सकिन्छ, वैयक्तिक, अन्तरवैयक्तिक, सूचना प्रविधि तथा बहुसाक्षरता, नागरिक सिपसँग तिनको तालमेल पाउन कठिन छ । पाठ्यक्रममा उल्लेख भएका व्यवहारकुशल सिपहरू तहगत सिकाइ उपलब्धिभन्दा भिन्न खालका भएकाले उपलब्धिसँगको तालमेल निकै कठिन भएको छ । व्यक्तित्व विकाससँग

सम्बन्धित वैयक्तिक तथा नागरिक सिपहरू नै कमजोर हुँदा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप विकास कुण्ठित हुने अवस्था देखिएको छ । तसर्थ, भाषा पाठ्यक्रमका विषयवस्तुको प्रकृतिअनुरूप व्यवहारकुशल सिपहरू निर्माण गरी तिनको आधारमा सक्षमता तथा सिकाइ उपलब्धिहरू निर्धारण गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम (२०७६) मा एक्काइसौँ शताब्दी सिपहरूलाई शिक्षण सिकाइका सन्दर्भमा अनुकूल हुने गरी व्यवहारकुशल सिपहरूको रूपमा उल्लेख गर्ने प्रयास भएको देखिन्छ । यस भाषा पाठ्यक्रममा उक्त सिपहरूलाई सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, बहुसाक्षरता सिप र नागरिक सिप गरी पाँचओटा मुख्य र हरेकका अन्य सहायक सिपहरूसहित गरी २९ ओटा व्यवहारकुशल सिपमा वर्गीकरण गरिएको छ । यस पाठ्यक्रममा एक्काइसौँ शताब्दी सिपहरू सबै समेटिएका देखिँदैनन्, जति समेटिएका छन्, ती उपयुक्त चाहिँ छन् । सिर्जनशीलता र नवप्रवर्तनात्मक सिप, विश्व तथा स्थानीय संयोजन सिपहरू चाहिँ समावेश हुनपर्ने देखिन्छ । उक्त सिपहरू समेटी पाठ्यक्रमलाई अझ समसामयिक र व्यवहारकुशल सिप विकासका दृष्टिले प्रभावकारी बनाउन सकिने देखिन्छ । पाठ्यक्रममा उक्त सिपहरूका साथै विश्व परिवेशमा स्थापित स्थानान्तरणीय, चिन्तन र कारण सिप, रचनात्मक सिप, नवप्रवर्तन, विश्वसंयोजन, नागरिक सिप आदि एक्काइसौँ शताब्दी सिपहरूलाई अझ बढी जोड दिनु प्रभावकारी हुने देखिन्छ । कक्षा १-३ को पाठ्यक्रम परिमार्जनको पहिलो प्रयासमा यति काम हुनु आफैँमा सकारात्मक पक्ष हो ।

कक्षा १–३ को पाठ्यक्रमको प्रस्तावना तथा लक्ष्य चाहिँ २१ औँ शताब्दी सिप विकासमा केन्द्रित छ, तर यसका सक्षमताहरू उक्त सिपमा आधारित र विकासका लागि पयाप्त छैनन् । पाठ्यक्रमका समग्र सिकाइ सक्षमताभन्दा नेपाली विषयका सिकाइ सक्षमताहरू २१ औँ शताब्दी सिप विकासका दृष्टिले झन् कमजोर रहेका देखिन्छन् । नेपाली भाषा पाठ्यक्रमसम्बद्ध कक्षा १–३ का सक्षमताहरू सोचाइ सिप र अन्तरवैयक्तिक सिपसँग मात्र सम्बन्धित रहेका अनि वैयक्तिक सिप, सूचना प्रविधि तथा बहुसाक्षरता सिप र नागरिक सिप विकासका सक्षमताहरूको अभाव रहेको हुँदा एक्काइसौँ शताब्दी सिप विकासका आधारमा असन्तुलित र कमजोर रहेको निष्कर्षमा प्राप्त भएको छ ।

पाठ्यक्रममा उल्लेख भएका व्यवहारकुशल सिपहरू र भाषा पाठ्यक्रमका उद्देश्य तथा विषयवस्तुका बिच तालमेलका लागि एक्काइसौँ शताब्दी सिपअनुसार भाषा सिकाइलाई केन्द्रित गरी व्यवहारकुशल सिप निर्धारण र त्यसको आधारमा सक्षमता तथा सिकाइ उपलब्धि तय गरिनु प्रभावकारी हुने देखिन्छ । कक्षा १-३ का नेपाली भाषा पाठ्यक्रममा एक्काइसौँ शताब्दी सिपको उपयोग गर्न खोजिएको भए पनि विषयवस्तु केन्द्रित उद्देश्य निर्माण गर्ने परम्परागत तौरतरिकाको भने प्रशस्त प्रभाव परेको देखिन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, सरस्वती (२०८१), कक्षा तीनको नेपाली विषयको एकीकृत पाठ्यक्रमको उपयोग, (अप्रकाशित स्नातकोत्तर नेपाली शिक्षा शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, दिनेश (सन् २०२२), सक्षमता र एकीकृतताका दृष्टिले कक्षा एकको नेपाली भाषा पाठ्यक्रम (२०७६) को विश्लेषण, मर्स्याङ्दी जर्नल, वर्ष ३ (१), १३–२१ ।

तिमल्सेना, शिवप्रसाद (२०८०), आधारभूत तहका नेपाली पाठ्यक्रममा विषयवस्तु र विधागत विविधता, सम्प्रेषण, ८(८), ६१–७१ ।

दाहाल, हरिप्रसाद (६ भाद्र २०७७), एकीकृत पाठ्यक्रमलाई नियाल्दा ?, एजुकेसन पाटी, https://educationpati.com/integrated-curriculum-looking-closely/

पाठ्यक्रम विकास केन्द्र (पाविके) (२०७६), आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, नेपाल सरकार।

Bolat, Y., Gencoglu, S. D. (2024). The Integration of 21st Century Skills into Secondary School English Classes and the Challenges Faced by Teachers. International Journal of Contemporary Educational Research. 11(1), 36-54. https://doi.org/10.52380/ijcer.2024.11.1.558

Chalkiadaki, A. (2018). A Systematic Literature Review of 21st Century Skills and Competencies in Primary Education. International Journal of Instruction, 11(3), 1-16. https://doi.org/10.12973/iji.2018.1131

Hixson, N. K., Ravitz, J., & Whisman, A. (2012). Extended professional development in project-based learning: impacts on 21st century skills teaching and student achievement. Charleston, WV: West Virginia Department of Education, Division of Teaching and Learning, Office of Research.

Lundeberg, V. J. (2016). Pedagogical Implementation of 21st. Century Skills. https://files.eric.ed.gov.

Macalister, J. and Nation, I.S.P. (2020). Language Curriculum Design. Routledge.

Mansoor, S. & Din, M. (2023). An Analysis of Single National Curriculum of General Science at Primary Level with the Lens of 21st. Century Skills. PJER, 6(2).

Nepal Health Research Council (NHRC) (2022). National Ethical Guidelines for Health Research in Nepal. NHRC.

Rusman, D. (2023). Curriculum Transformation in the 21st Century Education: Perspectives, Challenges, and Prospects. The 21st International Conference on Education Innovation and Social Science. 57-68.

Sari, D. M. M, & Wardhani, A.K. (2020). Critical Thinking as Learning and Innovation Skill on 21st Century. Journal of English Language and Pedagogy, 3(2), 27-34. doi:http://dx.doi.org/10.36597/jelp.v3i2.8778

Scott, C. L. (2015). The Futures of Learning 3: What Kind of Pedagogies for the 21st Century ?. Education Research and Foresight. https://repositorio.minedu.gob.pe/handle/20.500.12799/3747.

Shrestha, M., Niure, D. P. and Singh, A. (2022). Integration of 21st Century Skills into the Nepalese Curriculum. https://resources.norrageducation.org